# सुन्दरबजार नगरपालिकाको नयाँ जन्मेका छोरीको नाममा बैंक खाता खोल्ने सम्बन्धी कार्यविधि, २०७९

स्वीकृत मिति : २०७९/०५/१८

नेपाल सरकार
सुन्दरबजार नगर कार्यपालिकाको कार्यालय
सुन्दरबजार, लमजुङ्ग

सुन्दरबजार नगरपालिका नगर कार्यपालिकाको कार्यालय सुन्दरबजार लमजुङ गण्डकी प्रदेश, नेपाल

# सुन्दरबजार नगरपालिकाको नयाँ जन्मेका छोरीका नाममा बैंक खाता खोल्ने सम्बन्धी कार्यविधि, २०७९

प्रस्तावना :

सुन्दरबजार नगरपालिका भित्र स्थायी बसोबास गर्ने नागरिकहरुका नयाँ जन्मेका छोरीहरुको नाममा नेपाल बैंक लिमिटेड, सुन्दरबजार शाखामा प्रति छोरी दुई हजार रुपैयाँको "छोरी (बेटी) कल्याण बचत खाता"मा रकम जम्मा गर्ने सुन्दरबजार नगरपालिकाको मिति २०७९ असार १० गते बसेको दशौं नगर सभाको निर्णय बमोजिम सुन्दरबजार नगरपालिकाका लक्षित समूहका छोरीहरुको भविष्यको पठनपाठन सहज होस भन्ने उद्देश्यले सुन्दरबजार नगरकार्यपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२. को उपदफा (२) बमोजिम यो कार्यविधि पारित गरी जारी गरेको छ ।

## परिच्छेद : १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

१. यस कार्यविधिको नाम "सुन्दरबजार नगरपालिकाको नयाँ जन्मेका छोरीका नाममा बैंक खाता खोल्ने सम्बन्धी कार्यविधि, २०७९" रहेको छ । छोटकरीमा यसलाई "छोरीका नाममा बैंक खाता कार्यविधि, २०७९" भनिनेछ ।

२. यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) 'नगरपालिका' भन्नाले सुन्दरबजार नगरपालिकालाई सम्झनुपर्छ ।

(ख) 'लक्षित समूह ' भन्नाले सुन्दरबजार नगरपालिका भित्र स्थायी बसोबास गर्दै आएका आमाबाट २०७९ श्रावण १ गते वा सो भन्दा पछि जन्मेका छोरीहरुलाई सम्झनु पर्दछ ।

(ग) ' लाभग्राही ' भन्नाले खण्ड (ख) बमोजिमका छोरीहरुको बैंक खाताको संरक्षक सम्झनु पर्दछ ।

## परिच्छेद २
## निःशुल्क बैंक खाता खोल्ने प्रकृया

३. निवेदन सम्बन्धी व्यवस्था :

१. सुन्दरबजार नगरपालिका भित्र स्थायी बसोबास गर्ने महिलाले छोरी जन्माएमा प्रति छोरी रु २०००।- निजको बैंक खातामा जम्मा गर्ने प्रयोजनका लागि उक्त छोरीको बैंक खातामा संरक्षक रहेको व्यक्तिले आफ्नो नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, बालिकाको जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपि, सम्बन्धित वडाको सिफारिस पत्र र नेपाल बैंक लिमिटेड, सुन्दरबजार शाखामा छोरीका नाममा खोलिएको खाताको पासबुकको प्रतिलिपि संलग्न राखी अनुसूची १ बमोजिमको ढाँचामा स्वास्थ्य शाखामा निवेदन दिनु पर्नेछ ।

कृष्ण प्रसाद कोइराला
नगर प्रमुख

२. उपदफा १. बमोजिम प्राप्त निवेदन उपर आवश्यक छानवीन गरी स्वास्थ्य शाखाले प्रमुख प्रशासकीय अधिकृत समक्ष प्रतिवेदन पेश गर्नेछ ।

३. उपदफा २. बमोजिम प्रतिवेदन प्राप्त भए पछि प्रमुख प्रशासकीय अधिकृतले छोरीको खातामा दुई हजार रुपैयाँ रकम जम्मा गरिदिनु पर्नेछ ।

४. खातावाला बालिका (नाबालक) को उमेर १८ वर्ष पुगे पछि मात्र उक्त रकम बैंकबाट झिक्न पाइनेछ ।

तर, कुनै त्यस्तो बालिकाको १८ वर्ष नपुगी मृत्यु भएमा निज बालिकाको संरक्षकले जम्मा भएको रकम झिक्न यो व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।

५. खाता सञ्चालन सम्बन्धी अन्य व्यवस्था बैंकको नियम बमोजिम हुनेछ ।

## परिच्छेद ३
## विविध

**४. अभिलेख राख्नुपर्ने :** सुन्दरबजार नगरपालिकाको स्वास्थ्य शाखाले छोरीको नाममा निःशुल्क बैंक खाता खोल्ने कार्यक्रमका लाभग्राहीको अभिलेख अनुसूची २ बमोजिम अध्यावधिक गरी राख्नुपर्नेछ ।

**५. पारदर्शिता कायम गराउने :** स्थानीय तहले भुक्तानी गरेको रकम र लाभग्राहीको नामावली मासिक रुपमा स्वास्थ्य शाखाको सूचना पाटी र नगरपालिकाको वेब साईटमा राख्नु पर्नेछ ।

**६. बाधा अड्काउ फुकाउने :** यो कार्यविधि कार्यन्वयनमा बाधा अड्काउ परेमा नगर कार्यपालिकाको बैठकबाट निर्णय गरी बाधा अड्काउ फुकाउन सकिनेछ ।

प्रसाद कोइराला
नगर प्रमुख

अनुसूची १
(दफा ३. को उपदफा (१) सँग सम्बन्धित)

## नयाँ जन्मेका छोरीका नाममा बैंक खातामा रकम जम्मा गर्ने व्यवस्थाको लागि निवेदनको ढाँचा

मितिः ..........................

विषय : बैंक खातामा रकम जम्मा गर्ने सम्बन्धमा ।

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
सुन्दरबजार नगरकार्यपालिकाको कार्यालय
सुन्दरबजार, लमजुङ्ग

उपरोक्त सम्बन्धमा सुन्दरबजार नगरपालिका वडा नं. ........ गाँउ/टोल स्थायी ठेगना भएको उमेर .........वर्षको .........राष्ट्रिय परिचयपत्र नं./ नागरिकता प्रमाणपत्र नं ...................... भएको म ............................ संरक्षक रहेको नाबालक छोरी ....................को नाममा बैंक खाता खोल्ने व्यवस्थाका लागि आवश्यक कागजात सहित यो निवेदन पेश गरेको छु ।

**निवेदक/हकवालाको**

हस्ताक्षर ....................................

नाम थर :....................................

नाबालिकासँगको नाता : ............................

ठेगना :........................................

राष्ट्रिय परिचयपत्र नं./ नागरिकता प्रमाणपत्र नः......................................

सम्पर्क मोबाइल नं.:.........................................

अनुसूची २
(दफा ४ सँग सम्बन्धित)

## बैंक खातामा रकम जम्मा गरिएका लाभग्राहीहरुको अभिलेख राख्ने ढाँचा

साल : महिना :

| क.स. | लाभग्राहीको नामथर | नाबालिकासँगको नाता | ठेगना | मिति | बथिङ्ग सेन्टर वा अस्पतालको नाम | आमाको नाम र नागरिकता नं. | सम्पर्क नम्बर |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

०६९।५।१८

कृष्ण प्रसाद कोइराला

प्रमुख

कृष्ण प्रसाद कोइराला
नगर प्रमुख